(११)

२०२७/ बैठक २०२७/२८

(११)

धरान नगर पंचायत

०२७ को/ ०२८

२०२७/२८ को बोर्ड

बैठक पुस्तिका

(११)

Minute Book

बैठक निर्णय पुस्तीका
धरान नगर पंचायत

(१)

सभा संख्या — १
बैठक " — १

मिति- ०२८।५।२
समय - बिहान ८ बजे

श्री मान सदस्य ज्यु हरु को उपास्थिती

श्री मान प्रधान पंच- सुर्य प्रसाद उपाध्याय - [signature]
श्री मान उप प्रधान पंच- विष्णु कुमार हमाल - [signature]
श्री मान सदस्य- गोविंद कृष्ण श्रेष्ठ - [signature]
श्री मान " - राम बहादुर तामुकार - [signature]
श्री मान " धिरेन्द्र बहादुर थापा - [signature]
श्री मान " मान बहादुर राई - [signature]
श्री मान " गोविंद मोक्तान - [signature]
श्री मान " शंकर प्रसाद आचार्य - [signature]
श्री मान " भक्त बहादुर थापा - [signature]
श्री मान " माधव प्यारा श्रेष्ठ - [signature]
श्री मान " भगवान थापा - [signature]
श्री मान " श्री बहादुर पुल्वा - [signature]

आज २०२८ साल भाद्र २ गते मंगलवार बिहान ८ बजे श्री मान प्रधान पंच सुर्य प्रसाद उपाध्याय ज्यु का अध्यक्षतामा बसेको ध. न. पं. को बैठकले निम्नलिखित विषयहरुमा छलफल गरी निम्नलिखित निर्णय गरीयो।

१. छाप्रा कर सम्बन्धमा :— छाप्रा कर सम्बन्धिमा छलफल गर्दा केहि छाप्रावालाहरुको ०२१/०२२ साल देखि के छाप्रा कर नबुझाई बक्यौता रहेको र धेरै जसोको ०२५/०२६, ०२६/०२८ सालका छाप्रा कर बक्यौता रहन गएकोमा ०२४/०२२ सालको प्रतिवर्ष १०० स्क्वायर को (क) श्रेणीको रु. ५- (ख) श्रेणीको रु. ६/- (ग) श्रेणीको रु. ४/- को दर रहेको र ०२५/०२६ सालको बजेटमा क्रमशः रु. १६/- रु. ९/- र रु. ६/- को दर कायम भएको हुदा मार्का पर्यो भन्ने निवेदकहरुको निवेदन समेतमा छलफल गर्दा पुरानो बजार समेतको चल्ती कम हुन गएबाट व्यापार घटन गै निजहरुलाई मार्का पर्न गएकोले देखिएको हुदा

(2)

०२५/२६ को छापा करको रकमबाट २५% प्रतिशत मिन्हा गरी प्रति १०० हजारको फिरको क श्रेणी रु. १४।- ख श्रेणीको रु. ७।- ग श्रेणीको रु. दरबाट कुमाऊँ भैरुङ गरेको हिसाबबाट सो बमोजिम असुल गर्ने गरी बोर्डबाट समर्थन गराउने गरी प्रधान पंच ज्यू ले मिति ०२७।४ गतेको दि. गरी दिनु भएको आदेश अजि सभाले सर्वसम्मतिबाट समर्थन गरीएको छ।

२. अध्यापन शुल्क :- ध.न.पं. द्वारा संचालित प्रा. पाठशालाहरूमा ध.न.पं. इलाका बाहिरबाट आई अध्ययन गरी रहेका ~~विद्यालयहरूका~~ विद्यार्थी हरूबाट निम्न लिखित दर अनुसार अध्यापन शुल्क असुल गर्ने।

| कक्षा | शुल्क | मासिक | वार्षिक जम्मा |
|---|---|---|---|
| शिशु | १।- | × १२ | = १२।- |
| १ | २।- | × १२ | = २४।- |
| २ | २।५० | × १२ | = ३०।- |
| ३ | ३।- | × १२ | = ३६।- |
| ४ | ३।५० | × १२ | = ४२।- |
| ५ | ४।- | × १२ | = ४८।- |

(१) ध.न.पं. इलाका बाहिरका विद्यार्थीहरूबाट माथिको दरबाट अध्यापन शुल्क यहि ०२८ भाद्र देखि असुल गर्ने।

(२) हाल स्कूलहरूमा ध.न.पं. इलाका बाहिरका छात्र छात्राहरू को को कति छन् लगत लिई मिति ०२८।४।३२ गतेका बसेको शिक्षा समितिका निर्णयानुसार गर्ने।

३.

(३)

३. ~~ग्रेडर~~ ग्रेडर खरीद गर्ने सम्बन्धमा :- श्री माधवराज जोशीको सेकेन्ड ह्याण्डको ग्रेडर बिक्रि गर्ने भए बाट सो ग्रेडर न.पं. लाई आवश्यक महशुस गर्दै निज सँग ग्रेडरको मोल सम्बन्धी छलफल हुँदा रु. २५०००/- पच्चीस हजार ~~मा~~ सम्ममा दिन मंजुर गरेकोले र उक्त ग्रेडर बाहिरबाट मिकाउँदा रु. २ लाख जति मोल पर्न जाने हुँदा, सो ग्रेडर प्राविधिकबाट जचाई चालु अवस्थामा भए खरीद गर्ने निर्णय भयो।

४. ध.न.पं. कार्यालयको घर सम्बन्धमा :-

ध.न.पं. कार्यालयलाई हाल बसी आएको घर साह्रै साँगुरो भै अर्को घर भाडामा लिन आवश्यक हुँदा खटाखट गराउँदा सबै भन्दा घटी कुल बहादुर तामुकारको वडा नं. ४ को घर बर्ष १ को रु. ७५००/- सात हजार पाँचसयमा दिन मंजुर गरेकोले, निजको घर ध.न.पं. कार्यालयको निम्ति उपयुक्त देखिएकोले प्र.पं. ज्यूले लिने निर्णय गरी रु. ५५००/- पाँचहजार पाँचसय घर भाडा बापत कट्टी गर्ने गरी दिइएको पेश्की समेथन गरी उक्त घर भएको सर्तनामा अनुसार ०२८ साल भाद्र १ देखि ०२९ साल श्रावण मसान्त सम्म बर्ष २ दुईलाई घरभाडामा लिने निर्णय भयो।

अर्को बैठक मिति ०२८।५।३ गते दिउँसो ३ बजे बस्ने गरी आजको बैठक स्थगित गरियो।

(४)

सभा संख्या- २
बैठक संख्या- १

मिति- ०२८।२।३
समय- बेलुकी ४बजे

## श्री मान सदस्य ज्यु हरुको उपस्थिती

श्री मान प्रधान पंच सुर्य प्रसाद उपाध्याय ज्यु - [signature]
श्री मान उप प्रधान पंच विष्णु कुमार दमाल ज्यु - [signature]
श्री मान सदस्य गोविन्द कृष्ण श्रेष्ठ ज्यु - [signature]
श्री मान " राम बहादुर तामाङ्ग ज्यु - [signature]
श्री मान " धीरेन्द्र बहादुर थापा ज्यु - [signature]
श्री मान " मान बहादुर राई ज्यु - [signature]
श्री मान " गोविन्द मोक्तान ज्यु - [signature]
श्री मान " भक्त बहादुर थापा ज्यु - [signature]
श्री मान " माधव प्यारा श्रेष्ठ ज्यु - [signature]
श्री मान " [illegible] थापा ज्यु - [signature]
श्री मान " [illegible] बहादुर गुरुङ ज्यु - [signature]
श्री मान " श्रीकृष्ण प्रसाद आचार्य ज्यु - [signature]

आज २०२८ साल भाद्र ३ गते ~~[illegible]~~ बुधवार बेलुकी ४ बजे श्री मान प्रधान पंच सुर्य प्रसाद उपाध्याय ज्यु को सभापतित्वमा बसेको वि. स. को बैठकले निम्नलिखित विषयहरुमा निम्न लिखित निर्णय गरीयो।

[margin: पुष्टि]

१ पुल निर्माण बारे :- धरान वार्ड नं १, ४, १० सिमानाको खहरे पुल निर्माण गर्न निमित्त रु. ३०००।- तिन हजार सम्म खर्च गरी अमानत बाट निर्माण गर्ने भनी मिति ०२८।२।२५ गतेको बोर्डको निर्णय भै वार्ड सदस्य श्री मान माधव प्यारा श्रेष्ठ ज्यु को नाममा उक्त पुल निर्माण कार्यको लागी पटक पटक गरी गएको पेश्की रु. ४६८१।६० चार हजार छ सय उनासी र पैसा साठी ~~मा~~ निर्माण कार्य समाप्त गरी रु. ४६८१।६० खर्च भएको फाँटवारी पेश भएकोमा उक्त खर्च भएको रकम स्वीकृत गरी खर्च जनाई पेश्की फछ्र्यौट गर्ने।

पुष्टि

[signatures]

(५)

सभा संख्या - ३ मिति - ०२६।५।३०
बैठक ,, - ३ समय - बेलुकी

श्री मान सदस्य ज्यूहरूको उपस्थिती

---

श्री मान प्रधान पंच - सूर्य प्रसाद उपाध्याय ज्यू - [signature]
श्री मान उप प्र. पंच - विष्णु कुमार हमाल ज्यू - अ. नु.
श्री मान सदस्य - गोविन्द कृष्ण श्रेष्ठ ज्यू - [signature]
श्री मान ,, - राम बहादुर ताम्रकार ज्यू - अ. नु.
श्री मान ,, धीरेन्द्र बहादुर थापा ज्यू [signature]
श्री मान ,, मान बहादुर राई ज्यू - [signature]
श्री मान ,, गोविन्द मोक्तान ज्यू - [signature]
श्री मान ,, शेखर प्रसाद आचार्य ज्यू - [signature]
श्री मान ,, भक्त बहादुर थापा ज्यू - [signature]
श्री मान ,, माधव प्रसाद श्रेष्ठ ज्यू - [signature]
श्री मान ,, भगवान थापा ज्यू - अ. नु.
श्री मान ,, श्री बहादुर सुब्बा ज्यू - [signature]

[signature] आज २०२६ साल भाद्र ३० गते मंगलबार बेलुकी ४ बजे श्री मान प्रधान पंच सुर्य प्रसाद उपाध्याय ज्यू को सभापतित्वमा बसेको धि. न. पं. को बैठकले निम्न लेखिए अनुसारको निर्णय गरीयो।

१. धि. न. पं. कार्यालयको भवन निर्माणको निमित्त खरीद गरीएको वार्ड नं ४ को जग्गा छेउ खहरे खोलामा बर्षातको बाढीले गर्दा जग्गा काटीएको हुंदा उक्त जग्गामा ४०० फिट लम्बाईको रिटेनिङ्ग वाल पर्खाल लगाउन आवश्यक भएकोले घटाघटको टेण्डर आह्वान गरीएकोमा दीप बहादुर राई समेत जम्मा ४ जवान को टेण्डर प्राप्त भएकोमा ओभरसीयरको नक्सा स्कीमेर अनुसार उक्त पर्खाल निर्माण गराउन रु. १८,८००।- अठार हजार आठसय लाग्ने अनुमान भएको र प्राप्त ४ जवानको टेण्डर मध्ये सबभन्दा घटी रु. १६,९७९।८१ सोह्र हजार नौ सय उनासी र पैसा एकासी दीप ब. राईको टेण्डर भएकोले रनिङ्ग बिलको अनुपातमा

[signature]

(६)

चार किस्तामा भर्ने मुक्तानी दिने गरी निजको रु७५८ स्वीकृत गर्ने निर्णय भयो।

२. बाटो खोल्ने सम्बन्धमा:- धरान वडे ६ बार वडे नं. ८ को पं. प्रा. पा. नं. १० जाने बाटो खोल्ने सम्बन्धमा छलफल गर्दा उक्त बाटो खोल्दा दक्षीण पट्टीको घरवाला लाई घर सार्ने खर्च श्री मान प्रधान पंचज्यु ले विचार गरी उचित मुआवजा दिने निर्णय भयो।

३. गीता अध्यन मण्डल धरानको प. सं. प्र४।०२६ मिति ०२६।२।३ ध. न. पं. को द. नं. ४१६० को ~~स्वरूप छल फल भयो~~ र द. नं. ४१६१ मिति ०२६।२।४ को प्रेस को पत्रमा छलफल गर्दा गीता दातव्य औषधालय लाई आर्थिक सहयता वार्षिक रु. ६००- नौ सय वाही का दरले दिई आएकोमा अब दिन बाकी रहेको रकम हिसाब गरी आर्थिक सहायता दिने र ~~मांग~~ गीता अध्यन मण्डलमा पाईखाना बनाउन मांग गरेको रकम रु. १६२०- मा ~~भन्त~~ पहिले गएको रकम र ~~साल~~ कट्टा गरी बाँकी रहेको रकम आर्थिक सहायता रकम दिने र ध. न. पं. ले आज सम्म दिएको आ. स. को हिसाब गरी शिला पत्रमा ध. न. पं. को नाम अंकीत गर्ने अनुरोध गर्ने।

४ बहुद्धेश्यीय पब्लिक हाई स्कूल धरानको मिति १३।५।०२७ को प्राप्त पत्र अनुसार ब. उ. प. हाई स्कूलको विकाशार्थ विजया दशमीको उपलक्षमा विजया कला पर्दशनी र मेलाको आयोजनाको निमित्त रु. ५००- पाँचसय आ. स. मांग गरेकोमा उक्त रकम ब. उ. प. हाई स्कूलको नाममा आ. स. स्वरूप प्रदान गर्ने निर्णय भयो।

५. भागवत प्रधान क्षेत्रको नक्सा पास गरी इजाजत पाउ भन्ने निवेदनमा केहि छलफल गरी सो को निर्णय आगामी २०४८।१।४ गते आइतबारको दिन बिहान ८ बजेको बैठकमा पेश गर्न गरी आजको बैठक बेलुकी ८ बजे स्थगित गरीयो।

२०४८।१२।३०

सभा संख्या : ३४.
बैठक संख्या : २

मिती ०२८।६।४
समय :- बिहान ८ बजे

(८)

श्री मान सदस्य ज्यू हरुको उपस्थिति

श्री मान, प्रधान पंच सूर्य प्रसाद उपाध्याय ज्यू (बिदा)
श्री मान उप प्रधान पंच विष्णु कुमार हमाल ज्यू [signature]
श्री मान सदस्य गोविन्द कृष्ण श्रेष्ठ ज्यू ~~का.उ.~~
श्री " " राम बहादुर तामाकार ज्यू ~~का.उ.~~
श्री " " धिरेन्द्र बहादुर थापा ज्यू [signature]
श्री " " मान बहादुर राई ज्यू [signature]
श्री " " गोविन्द मोक्तान ज्यू [signature]
श्री " " शेखर प्रसाद उपाध्याय ज्यू ~~का.उ.~~
श्री " " भक्त बहादुर थापा ज्यू [signature]
श्री " " माधव प्यारी श्रेष्ठ ज्यू [signature]
श्री " " भगवान थापा ज्यू [signature]
श्री " " श्री बहादुर ~~थापा~~ मुख्या ज्यू [signature]

आज २०२८ साल आश्विन ४ गते आइतवार बिहान ८ बजे श्री मान का.मु. प्रधान पंच विष्णु कुमार हमाल ज्यू को सभापतित्वमा बसेको ध.न.पं. बैठक ले निम्न लेखिए अनुसार निर्णय गरीयो।

पं.प्रा.पा. र ज्ञाइ स्कूल निर्माण सम्बन्धमा छल फल गर्दा गत ०२८।१।११ गते को बोर्डको निर्णय बमोजीम आज सम्म निर्माण कार्य सुरु नभएको ले निम्न लिखीत बमोजीमको निर्माण समिति गठन गरी पूर्व निर्णय अनुसार पुन: निर्माण कार्य सुरु गर्ने निर्णय भयो।

समिति
श्री मान सदस्य गोविन्द मोक्तान ज्यू — अध्यक्ष
श्री मान " मान बहादुर राई ज्यू — सदस्य
श्री भवर लाल सोनी — "

[signature]

भागवत प्रसाद गोविन्दको नक्सा पास गरी पाऊँ भनि दिएको निवेदनमा घर नक्सा पास समितिले गरेको निर्णय उपर चित्त नबुझी मिति ०२८।३।२८ गतेको र ०२८।४।६ गतेको पुनरावेदन मा ०२८।५।३० गतेको बोर्डमा छलफल गरी स्थगित रहेकोले आजको बैठकमा पुनः छलफल गर्दा दुवै थर सँग केही कुरा पनि बुझ्दा दुवैथरलाई झिकाउने र सोको नतीजा आगामी बोर्ड बैठकमा पेश गर्ने निर्णय भयो।

व० डील्ली राम गिरीको ०२८।४।२ गतेको निवेदन मा छलफल गर्दा ०२८।११।११ गतेको बोर्ड बैठकमा सस्पेण्ड खोली पूरा तलब दिने भन्ने निर्णय भएकोले सोही बोर्डले गरेको निर्णयलाई समर्थन गरी सस्पेण्ड हुँदाको बखत नियम बमोजिमको तलब बाँकी रहेको तलब दीने निर्णय भयो।

आजको बैठक बिहान १० बजे स्थगित गरियो।

विजय कुमार शर्मा

(१०)

सभा संख्या - २ मिति - ०२६-६-२०-३ मा

बैठक संख्या - १ समय - ४ बजे

श्रीमान सदस्य ज्यू हरुको उपस्थिति।

श्री मान प्रधान पंच - सूर्य प्रसाद उपाध्याय ज्यू -
श्री मान उप प्रधान पंच - विष्णु कुमार हलवाई ज्यू -
श्री मान स० गोविन्द कृष्ण श्रेष्ठ ज्यू
श्री मान स० राम बहादुर नगरकोटी ज्यू -
श्री मान स० धीरेन्द्र बहादुर थापा ज्यू -
श्री मान स० मान बहादुर राई ज्यू
श्री मान स० गोविन्द पोखरेल ज्यू
श्री मान स० शंकर प्रसाद आचार्य ज्यू
श्री मान स० मन बहादुर थापा ज्यू
श्री मान स० माधव लाल श्रेष्ठ ज्यू
श्री मान स० भगवान थापा ज्यू
श्री मान स० श्री बहादुर गुरुङ ज्यू

आज २०२६ साल आश्विन २० गते मंगलबारका दिन बेलुकी ४ बजे श्रीमान प्रधान पंच सूर्य प्रसाद उपाध्याय ज्यू को सभापतित्वमा बसेको बैठकले निम्न लिखित प्रस्ताव पारित गऱ्यो।

प्रस्ताव नं - १

वार्ड नं २, ३, ६ नं धरानचोक सिंहदेवी जोडी हुँदै देवी बर्द्धिन बाट भानुचोक सम्म पिच सडक बनाउन श्री ५ को सरकार बाट आर्थिक सहायता उपलब्ध गराउनुका साथै अन्य स्वीकृत गराउन पनि कामको [illegible] लागी श्री मान उप प्रधान पंच विष्णु कुमार हलवाई ज्यू लाई पंचायतनिधिको रकम काठमाडौं पठाउन रु० ८००।- आठसय रुपैयाँ मध्ये फौरवारी पेश्की गर्ने गरी दैनिक भत्ता समेत पेश्की दिने निर्णय भयो।

प्रस्ताव नं २. का० मु० प्रधान पञ्च श्री विष्णु कुमार श्रेष्ठको अध्यक्षतामा मिति ०२६-६-८ गते प्रधान पञ्च प्रदेन अध्यक्षतामा पिच सडक निर्माण सहयोग समिति गठन गर्यो र सो समितिले अर्थ संकलन गर्ने बारेको मिति ०२६।६।११ गते निवेदन लिखित अनुरूप गरी रकम अर्थ संकलन गर्ने निर्णयलाई समर्थन जनाउँदै स्वीकृतार्थ सम्बन्धित कार्यालयमा अनुरोध गरी पठाउने निर्णय गरीयो।

निर्णय

(१) धा० न० पा० वार्ड नं २, ३, ६ का घर का धनी हरुबाट रनिंग फुट-१ को रु० १०।- दश रुपैयाको दरले असुली रु० ४०,०००।- चालीस हजार उठाउने।

(२) धा० न० पा० क्षेत्र भित्र खरीद बिक्री गरीने माल मालवस्तुको मोलको रु० १००।- को रु० ।१० दश पैसाको दरले ४०,०००।- चालिस हजार रुपैया चन्दा स्वरूप उठाउने।

(३) धा० न० पा० क्षेत्र भित्र आते जाते गर्ने भाडा-वाला बस र ट्रक हरु बाट प्रति ट्रीप-१।- रुपैयाँ र जिप कार, क्याण्डोगाडा, इत्यादि भाडा गाडी हरु बाट प्रति ट्रीप रु० ।५० पचास पैसा सवारी कर स्वरूप रु० ४०,०००।- चालीस हजार उठाउने।

(४) अशोक लोहनी बर्माजीको [struck through] सडक-निर्माणको लागी उठाउने रकम हरु मिति-०२६।६।२४ गते देखी असुल गर्ने निर्णय भयो।

(५) बाटो निर्माण कार्य विजया दशमीको साईत मा भानु चोक वार्ड नं ६ देखी शुरु गरी ३, २ नं हुदै निर्माण कार्य गर्ने।

(५) पिच सडक निर्माण को लागी चाहिएको र सहकारी करे धरान न० पं० ले उपलब्ध दिनु भनी अनुरोध गर्ने।

(६) उपरोक्त कालोपत्रेको अनुकुल गरेको एकाउन्ट नेपाल बैंक- धरानमा (पिच सडक निर्माण सहयोग समिति) नामको खाता खोल्ने र धा० न० पं० को प्रधान पंच र कोषाध्यक्ष श्री गणपतलाल अग्रवाल समेतको संयुक्त हस्ताक्षर बाट खाता संचालन गर्ने निर्णय भयो।

प्रस्ताव-३

पञ्च ज्योति [illegible] क्लबले आर्थिक सहायता पाउँ भन्ने निवेदनमा छलफल गर्दा रु० ५००।- पाँचसय रुपैयाँ आर्थिक सहायता दिने र फेन्डस क्लबलाई मिति- ०२८-६-८ गते दिएको आर्थिक सहायता रु० ३५०।- तिनसय पचास रुपैयाँ र धरान स्पोर्टस एसोसियसनलाई आर्थिक सहायता रु० ३००।- तिनसय रुपैयाँ समेत भएको खर्चलाई समर्थन गरीयो।

प्रस्ताव नं० ४ वार्ड नं० ६ भानुचोक घरेलु इम्पोरियम पछाडि ढल बनाउन धा० न० पं० बोर्डले निर्णय गरे बमोजिम धा० न० पं० को अफिस खुलाबन्दी टेण्डर जाव गरी नक्सा बमोजिम निर्माण गर्ने निर्णय गरीयो।

प्रस्ताव नं०-५ न० पं० अन्तर्गतका परेकी ११ वडा समक को बर्षा गर्दा भत्के, बिग्रेको कार्य को- लागत स्टिमेट गरई रु० ५,०००।- पाँचहजार रुपैयाँ नबढाई खर्च गरी मर्मत गर्ने निर्णय गरीयो।

~~प्रस्ताव~~ — ६

५

विशेष प्रस्ताव —

आज मेची देखी महाकाली का एक करोड नेपाली-हरु पवित्र राजमुकुट प्रतिको आफ्नो अटल आस्था साथ-राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकारको कुशल नेतृत्वमा सूर्य चन्द्राङ्कित ध्वजा मुनि २०१७ मै राष्ट्रीय जीवनका विभिन्न क्षेत्रमा सुधार तथा उन्नतिको मार्गमा लागी-नेपाली जनतालाई उज्ज्वल तथा सुनौलो भविष्य तर्फ लम्की रहेका राष्ट्रलाई सोही मार्गमा सफलता-पूर्वक-डोऱ्याई रहेको तथा राष्ट्रीय एकता, राष्ट्रीयता तथा सार्वभौमि-कताको सुरक्षा गर्दै अघि बढ्दै गर्नुका साथै विश्वबन्धु-त्वको पुनित सिद्धान्तका साथ बाँच, र बाँच्न देऊ भन्ने पुनित सिद्धान्तको अनुशरण गरी सम्मान समेत प्राप्त गरी रहेका बखत सत्ताको स्वाद पाएका पृथकतावादी-तथा पूर्वाग्रही श्री विश्वेश्वर प्रसाद कोइरालाले भर्खर कुन कुरा नबुझी हाले बेलायत बाट एउटा वक्तव्य-प्रकाशित गरी नेपालमा सैनिक अधिनायकवाद छ र यो व्यवस्था उडाउन क्रान्ती गर्नु पर्छ – म यही प्रयास मा छु – भन्नु नै धमण्ड युक्त मुर्खताका शब्दहरु-व्यक्त गर्नु भएको कुरा तर्फ ध्यान नगर पञ्चायतको सभामा आज छलफल हुँदा २०१७।१८ सालको धृष्टताका प्राप्तको असफलता ~~जनित~~ जनित शर्म लुकाई प्रजातन्त्र-को अर्को मुकुण्डो ओढी "म क्रान्ती गर्छु" भन्ने जस्तो मुर्ख विचार व्यक्त गरी स्वयं अप्रजातान्त्रिक व्यक्ति-त्व भएको कुरा स्वयंले सिद्ध गर्नु भएको छ।

श्री कोइरालाको शासनकालमा तत्काल देशमा-मच्चिएको लुट, खसोट, फुट, अशान्ति, पक्षपात, भय त्रास, इत्यादिको बोलबालाले जुन राणाशासनलाई पनि बिर्साएको कुरा नेपाली मस्तिष्कमा आज ताजै-छ।

५

~~आफ्नो देश कुन चैं हो सो समेत बिर्सी- सकेका श्री-कोइरालाले आज आफ्नो पुरानो मूल- बिर्सी हो वा नेपाली जनतालाई बेवकुफ बनेर हो~~ "प्रजातन्त्र" को पीछे नारा दिएर आफ्नैं मूर्खमति को भरमा क्रान्तिको हावा खडा गरी एक पटक पुन: हाम्री हामी नेपाली जनता-लाई झुक्याउन खोज्ने-गरेको ~~कुप्रयास~~ कुप्रयास लाई आजको बैठक बाट-हृदयता साथ भर्त्सना गर्दै आज सुयोग्य राजाको नेतृत्वमा नेपाली जनता धेरै चेतनशील भै सकेका छन् र-कुनै पनि कुप्रयासको मुकाबला गर्न आजका राष्ट्र-प्रेमी तथा राजभक्त नेपाली जनता तयार छन् भन्ने चेतावनी पनि दिने निर्णय गर्दछ।

प्रधान पंचाइत प्र.अ. [signature]

[signature]

सुर्केत [signature] ०२८।३।२०

सभा संख्या :-
बैठक संख्या

मिति :- २८-७-२१-६
समय :- बेलुकी ६ बजे

श्री मान सदस्यज्यूहरुको उपस्थित

श्री मान प्र. पं. सूर्यप्रसाद उपाध्याय ज्यू.
श्री मान उप प्र. पं. विष्णु कुमार हमाल ज्यू.
श्री मान सदस्य :- गोविन्द कुमार श्रेष्ठ ज्यू.
श्री ,, राम बहादुर ताम्राकार ज्यू.
श्री ,, धिरेन्द्र बहादुर थापा ज्यू.
श्री ,, मान बहादुर राई ज्यू.
श्री ,, गोविन्द मुकान ज्यू.
श्री ,, श्रीकर प्रसाद आचार्य ज्यू.
श्री ,, भक्त बहादुर थापा ज्यू.
श्री ,, माधव धारा श्रेष्ठ ज्यू.
श्री ,, मनोनित श्री बहादुर सुब्बा ज्यू.
श्री ,, भगवान थापा ज्यू

आज २०२८ साल कार्तिक २१ गते सुक्रबार बेलुकीको ६ बजे श्रीमान प्रधान पन्च सूर्य प्रसाद उपाध्यायको अध्यक्षतामा बसेको बैठकले निम्न लिखित विषयमा छलफल गरी निम्नलिखित निर्णय गरियो ।

(५३)

सभा संख्या :- ६
बैठक संख्या १

मिति ०२८।९।१९
समय :- दिनको २बजे

श्रीमान सदस्य ज्यू हरूको उपस्थित

१, श्रीमान प्रधान पंच ज्यू सूर्य प्रसाद उपाध्याय
२, श्री मान उप प्रधान पंच ज्यू विष्णुकुमार क्षमाल
३, श्री मान सदस्य गोविन्द कृष्ण गौतम ज्यू
४, श्री ,, ,, धिरेन्द्र वहादुर थापा ज्यू
५, श्री ,, ,, गोविन्द मैनाली ज्यू
६ श्री ,, ,, ईश्वर प्रसाद आचार्य ज्यू - अ.नु.
७ श्री ,, ,, भक्त वहादुर थापा ज्यू - अ.नु
८ श्री ,, ,, माधव ज्ञवाली ज्यू
९ श्री ,, ,, भगवान थापा ज्यू
१० श्री ,, ,, शेरवहादुर सुब्बा ज्यू - अ.नु.

आज २०२८ साल पौष १९ गते आईतवारका दिनको २बजे श्रीमान प्रधान पंच सूर्य प्रसाद उपाध्याय ज्यू को सभापतित्वमा बसेको बैठकले निम्न लिखित प्रस्ताव पारीत गरियो ।

विषेश प्रस्ताव :-

१, वर्षौं देखि विभिन्न कारण बाट घनिष्ट सम्बन्ध रहँदै आएको मित्र राष्ट्र भारत संग मित्रतावै ~~विषयमा~~ विश्वासमा नेपालले न्यायोचित अधिकारको दावी गर्दै व्यापार तथा पारवहन सम्बन्धि द्वय छुट्टै सन्धिहरु गर्ने प्रस्ताव गर्दा अन्तर्राष्ट्रिय मान्यताहरु अनुसार पनि नेपालले पाउने उपरोक्त सुविधाहरु नपाई दुवै देशको नयाँ सम्झौता हुन नसकेको ~~[illegible]~~ मा आजको सभा गम्भिर खेद प्रकट गर्दछ ।

२, नेपाल भारतको व्यापार तथा पारवहन ~~सन्धि~~ सम्बन्धि सम्झौता भंग भए पछि भारतीय सिमानामा नेपाल आउने माल सामान हरु रोकिई रहेको कारण बाट बजारमा उपभोग्य वस्तुहरुको वितरण व्यवस्था सम्बन्धि सम्भावित कठिनाई हरु

स्थिति
बाट अस्पष्ट, भै रहेको कुद पंचायती माध्यम द्वारा
अविलम्ब सम्बन्धयोजको प्रवन्ध गर्ने तथा अञ्चलको
सबै दृष्टी बाट केन्द्र भएको हुनाले पहाड तर्फ बाट माग
हुने आवश्यकीय सामान क्रम उपलब्ध गराउने व्यवस्था
अविलम्ब गराउने बारे समेत स्थानीय प्रशासन लाई
लेखि अनुरोध गर्ने निर्णय भयो।

३, श्री स्थ पंचायत मंत्रालय तालीम शाखाको च.नं.
८.०४ मिति ०२५।८।८ गतेको पत्रानुसार प्रधान पंच
तथा उप प्रधान पंच समेत बीचमा गोष्ठिको लागी
राम प्र. जाने बारे छलफल गर्दा प्रधान पंच
श्री मान सूर्य प्रसाद उपाध्याय ज्यू र उपप्रधान पंच
श्री मान विष्णु कुमार श्रमाल ज्यू समेत ~~को~~ दुई जनाको
प्रतिनिधि ०२५।१।२३ गते राम प्र. ~~को~~ चितवनमा
पठाउने र प्रधान पंच फर्की नआउन भएसम्म
प्रधान पंचले पाएको अधिकार प्रयोग गर्न ~~का~~.
वा. प्रधान पंच श्री मान माधव प्यारा जंग ले
गर्ने र धरान नगरपंचायत अञ्चल नेपाल बैंक
शाखा धरानमा रहेको सबै खाता ज्यू [illegible] कार्यवाहक
प्रधान पंच श्री मान माधव प्यारा जंग र प्रधान
अधिकृत श्री गोपाल बहादुर श्रेष्ठ ज्यू समेत
संयुक्त दस्तखत बाट खाता संचालन गर्ने
निर्णय भयो।

४, खर्च भएको रकम स्वीकृत गर्ने बारे छलफल
गर्दा भौचर समेतको माग भै प्राप्त
भए पछि पुनः छलफल गर्ने निर्णय भयो।

५. चक्षु दान यज्ञको लागी सहायता पाउँ भनी इकिला
जिल्ला पंचायतको पत्रमा छलफल गर्दा विकाश
कोष बाट रु २,५००। दुई हजार पाँच सय रुपैया
सहायता दिने निर्णय भयो। जनतत्पर पुस्तकालय
को भवन निर्माणको लागी रु ५००।पाँच सय दिने

बाकी विषय भोलि २०४०।९।२० दिन गते दिनको २ बजे छल फल गर्ने गरी स्थगित गरियो।

सभा संख्या - ६ (१५) मिती २०२६।१।२०
बैठक संख्या :- 2 समय :- दिनको 2

श्रीमान सदस्य ज्यू हरुको उपस्थित

१, श्री मान प्रधान पंच सूर्य प्रसाद उपाध्याय ज्यू सूर्यप्रसाद
2, श्री मान उपप्रधान पंच विष्णुकुमार श्रेष्ठ ज्यू विष्णुकुमार
3, श्री मान सदस्य गोविन्द कृष्ण गजेल ज्यू गोविन्द
४, श्री " " धिरेन्द्र वहादुर थापा ज्यू धीरेन्द्रब.
५, श्री " " गोविन्द मोतकान ज्यू. गोविन्द
६, श्री " " ईश्वर प्रसाद उपाध्या ज्यू - ई.प्र.उ
७, श्री " " भक्त वहादुर थापा ज्यू भक्तबहादुर थापा
८ श्री " " माधव प्यासा गजेल ज्यू माधव
९, श्री " " ~~भक्त वहादुर~~ भगवान थापा ज्यू भगवान थापा
१०, श्री " " श्री वहादुर सुब्बा ज्यू. श्रीबहादुर

आज २०२६ साल पौष २० गते दिनको २ वजे सोमवार श्रीमान प्रधान पंच सूर्य प्रसाद उपाध्याय ज्यू सभापतित्वमा बसेको बैठकले निम्न लिखित प्रस्ताव पारित गरीयो ।

१, ओभरसियरको रिपोर्ट बमोजीम सर्भेको लागी आवश्यक इन्स्ट्रूमेन्ट (माल सामान) हरु खरीद गर्न टेण्डर मागगर्दा बसैको पनि टेण्डर पर्न नआएको ले कार्यालय बाट खरीद गरी दिने निर्णय भयो।

2. पो.न दुङ्को पाठशाला साँगो हुदा लगत स्टमेट बमोजीम अमानत वाट एक कोठा बढाई दिने निर्णय भयो।

3, वार्ड न ३×८ को अधुरो पुल पुरा गर्ने सम्बन्धमा लगत स्टमेट बमोजीम अमानत वाट बनाउने निर्णय भयो।

४, खेल कुद मैदानमा २ दई वटा लगाको मुआवजा दिने सम्बन्धमा दुई वटा लगाको मोल रु २०००/

दुई रुजा कायम गरी यदा दाताहरु बाट बाकी रुपैया उठाई नपुग रुपैया धरान नं०पं०ले दिने निर्णय भयो।

५, वार्ड नं ४ बस्ने नारायण प्रसाद आचार्यको दर्ता नं १६३४ मिति ०२५।८।२३ गतेको निवेदनका छलफल गर्दा दीनानाथ बास्तोला लाई खोलाई दुवै थरी लाई मिलाई दिने निर्णय भयो।

६, ध.न.पं. वार्ड नं १ बस्ने पद्म कुमारी खड्केको द.नं. १८८९ मिति ०२५।८।१९ गतेको निवेदनका छलफल गर्दा पा.नं ३ स्कूलमा भएको आधा इन्चको धारा नीज पद्म कुमारी को नाममा दर्ता गर्ने र नं०पं०को दस्तुर बापत रु ३५०।तीन सय पचास रुपैया असुल गरी नीजले धारा खोलेको महिना देखि मासिक कर लीने र पा.नं ३ स्कूलको लागी वार्ड नं ४को मेन पाईप ३" इन्च बाट अर्को धारा दिने निर्णय भयो।

७ ध.न.पं.वार्ड नं क्वारियल दन्तकाली मंदीर जाने बाटोमा ढुङ्गा सोलीङ्ग गर्ने बारे छलफल गर्दा दन्तकाली मंदीर देखि देवी प्रसादको घर साम्म १५' पन्द्र फुट चौडाको बाटो सोलीङ्ग गर्न लगत स्टमेट गराई स्टमेट बमोजी टेण्डर बोलाई ढुङ्गा सोलीङ्ग गर्ने निर्णय भयो।

८, ध.न.पं. सीयामित्र मध्य वार्ड नं ८ को ~~...~~ धरान गेट देखि उत्तर तर्फ सडकको दायाबायाको लकडी रुख कटानी गरी सोही लकडी बाट वार्ड नं ६ देखि वार्ड नं ४ को अस्पताल अगाडी सम्म आवश्यक पर्ने होने माफिक लकडाको ~~...~~ ढकन बनाउने आवश्यक दाउ रुकको लगत स्टमेट गराई निर्माण गर्ने निर्णय भयो।

९, ध.न.पं.का कर्मचारी हरुको ओभर टायमको भत्ताको छलफल गर्दा कर्मचारी हरु मध्य निम्न लिखीत

(२१)

फ्याट ~~के~~ चोकीमा काम गर्ने कर्मचारी ~~[illegible]~~ हरु लाई मात्र
१० प्रतिशतका दरले ओभरटायम भत्ता दिने र सो बाहेक
~~अन्य फ्याट, विभागमा काम गर्ने कर्मचारी हरु लाई ओभर~~
पूर्व स्वीकृत ली
अन्य कर्मचारीहरुले ओभरटायम काम गरेकोमा काम
लगाउने प्रमुखले ओभरटायम काम गरेको प्रमाणित
गरेमा घण्टाको हिसाबले ओभरटायम भत्ता दिने
र अरु फ्याट विभागमा काम गर्ने कर्मचारी हरुलाई
०२८ साल माघ महिना देखि ओभरटायम भत्ता
नदीने

सं चौकीका
१, १ ले क्रम चारी हरु लाई
२, २ ले चौकीका ~~[illegible]~~ कर्मचारी हरु लाई
३, ३ ले चौकीका कर्मचारी हरु लाई
४, पानीमा काम गर्ने कर्मचारी हरुलाई
५, ड्राइभर, क्लिनर लाई
६, एक जना पिउन लाई

०२८।६।२० गते साल ६१ बजे

[signatures]

२८।६।२०

सभा संख्या :- ८. (२२) मिती ०२८।१०।२२

बैठक संख्या समय :- दिनको ३ बजे

श्रीमान सदस्यज्यू हरुको उपस्थिति

१, श्रीमान, प्रधान पंच सूर्य प्रसाद उपाध्यायज्यू [signature]
२, श्री मान उप प्र०पं. विष्णु कुमार क्षमाल ज्यू [signature]
३, श्री मान सदस्य गोविन्द कृष्ण गोले ज्यू [signature]
४, श्री " " धिरेन्द्र बहादुर थापा ज्यू [signature]
५, श्री " " गोविन्द मोक्तान ज्यू [signature]
६, श्री " " शंकर प्रसाद आचार्य ज्यू [signature]
७, श्री " " भक्त बहादुर थापा ज्यू [signature]
८, श्री " " माधव प्यारा गजे ज्यू [signature]
९, श्री " " शीवबहादुर सुब्बा ज्यू [signature]
१०, श्री " " भगवान थापा ज्यू [signature]

आज २०२८ साल माघ २२ गते दिनको ३ बजे श्रीमान, प्रधान पंच सूर्य प्रसाद उपाध्यायज्यू को सभा पतित्वमा निम्न लिखित बमोजीम प्रस्ताव पारित गरियो।

विशेष प्रस्ताव

श्री ५ बडा महारानी सरकार श्री ५ महाराजाधिराज सरकारका साथ कन्चन पुर शिकार क्याम्पमा हुजुरी मै बक्सेको बखत गोलीको टुक्रा उड्न गई लाग्न गई पर्न गएर आई श्री ५ बडा महारानी सरकारको बाहुली तथा पेटमा लागी अस्वस्थ हुडु बक्सेको दुःखद विषय आजको बैठकमा छलफल हुदा यस्तो दुःखद घटना प्रति गम्भीर दुःख प्रकट गर्दै मौसुफ सरकारको शिघ्र स्वास्थ लाभ होस भनी हार्दिक मंगलमय शुभकामना ज्ञापन गर्दछ।

१, पानी कामको लागी कर्मचारी नियुक्ती गर्ने बारे छलफल गर्दा :- ब्रिटिस सहायताको तर्फ बाट निर्माण भै रहेको नयाँ खाने पानि योजना सम्बन्धमा ब्रिटिश विशेसज्ञ हरु सँग तत् सम्बन्धमा विशेष सरसल्हा गरी पछि कर्मचारीहरु नियुक्ती गर्ने निर्णय भयो।

[signature]

२. यस ध.न.पं. को ग्रेडर तथा रोलर भाडामा दिने बारे छलफल गर्दा ग्रेडर तथा रोलर भाडामा दिंदा ८ आठ घण्टाको एक दिन कायम गरी ग्रेडरमा लाग्ने डिजल, मोबील इत्यादि तेल समेत भाडावालाले नै व्यहोर्ने गरी दिन एक को भाडा रु ३०००। तीन हजार का दरले र घण्टाको हिसावले लाने लाई घण्टा एक को रु ४५०। पचास का दरले ग्रेडर भाडामा दिने र रोलरको डिजल मोबील इत्यादि तेल भाडा वाला हरुले व्यहोर्ने गरी आठ घण्टा को एक दिन कायम गरी दिन एक को रु २०००। दुई हजार र घण्टाको हिसावमा लाने लाई घण्टा एक को रु ३०। तीस का दरले भाडामा दिने र कसले के कति दिन घण्टाको लाने हो सो कुरा पहिले खुलाई सो अवधि भरीको भाडा पहिले नै डिपोजीट लिएर मात्र भाडामा दिने ~~निर्ण~~ निर्णय भयो।

कार्य प्रणाली

(क) ग्रेडर, रोलरले काम गर्ने स्थानमा ओभरसियरले जाँच बुझ गरी रिपोर्ट आए पछि मात्र भाडामा दिने नदिने निर्णय गर्ने।

(ख) ग्रेडर र रोलर, स्टार्ट गरी यात्रा वार प्रस्थान गरेको समय देखिको हिसाव गरी भाडा लिइने छ।

३. निम्नलिखित कमोटीको कार्य गर्न निम्न लिखित कमोटीको उप समिति गठन गरिएको —

(क) ध.न.पं. वार्ड नं ११ स्थित दुई घारी बगैंचा वाला जग्गा मा ~~पार्क~~ पार्क बनाउन जग्गा खरिद गर्ने बारे र ध.न.पं. वार्ड नं ९ स्थित प्रा.वि. नं ४ स्कूल भवन निर्माण भएको जग्गा ~~को~~ दर्ता गराउने र श्री कुलकेशर सिंह थापा ज्यूले जम्मा १३ आठ कठा जग्गा मध्ये ११ कठा जग्गा वहाले स्कूल लाई दान दिन भएको ले वहाको अभिलेख ~~मा~~ मा नाम लेखाई दिने र बाकी २ दुई कठा जग्गा को मुआवजा को नोक्सा कुरा गरी आगामी बोर्ड मा पेश गर्ने।

(२१) उपसमिति को नाम

१, प्रधान पंच श्रीमान सूर्य प्रसाद उपाध्याय :- अध्यक्ष
२, श्रीमान मन बहादुर थापा सदस्य
३, श्री मान, श्री बहादुर मुखिया सदस्य

धरान न.पं. लाई वाचण पत्र को लागि श्री ५ को सरकार बाट वार्षिक साधारण अनुदान आ.व. ०२८।२९ लाई रु १८०००। अठार हजार दीने निर्णय भएको र रकम मध्ये रु १००००। दश हजार मात्र प्राप्त भएकोले बाकी रकम ८,०००। आठ हजार र अन्य निकासा प्रकाशा लिन २०२८।११।३ गते देखि (१५ दिनका भत्ता नलिने गरी) प्र.अ. गोपाल बहादुर श्रेष्ठ लाई काठमाण्डु काजमा पठाउने निर्णय भयो।

प्र.अ. गोपाल बहादुर श्रेष्ठ काजमा ०२८।११।३ गते काठमाण्डु जाने हुन भएकोले धरान नगरपंचायत अन्तर्गतको नेपाल बैंक धरानको रकैका खाता जुन प्रधान पंच श्री सूर्य प्रसाद उपाध्याय ज्यु र प्र.अ. गोपाल बहादुर श्रेष्ठ समेत को संयुक्त दस्तखत बाट खाता संचालन भै रहेकोमा प्र.अ. श्री गोपाल बहादुर श्रेष्ठ फर्की नआउन्जेल सम्म वाहाको सट्टा मा उप प्रधान पंच श्री विष्णु कुमार कमाल ज्यु र प्रधान पंच श्री सूर्य प्रसाद उपाध्याय ज्यु समेत को संयुक्त दस्तखत बाट खाता संचालन गर्ने निर्णय भयो।

आज को बैठक साँझ ८ बजे समाप्त गरियो।

सभा संख्या — ८
बैठक संख्या — १

मिति ०२६-१२-१
समय — २ बजे

श्रीमान् सदस्य ज्यूहरुको उपस्थित।

श्री मान प्र० पं० सूर्य प्रसाद उपाध्याय ज्यू — सु. उ.
श्री मान उप प्र० पं० विष्णु कुमार दमाई ज्यू — विष्णु कुमार दमाई
श्री मान स० गोविन्द कृष्ण श्रेष्ठ ज्यू — गोविन्द कृष्ण श्रेष्ठ
श्री मान स० वीरेन्द्र बहादुर थापा ज्यू — [illegible]
श्री मान स० गोविन्द जोशी ज्यू — गो. जो.
श्री मान स० शंकर प्रसाद आचार्य ज्यू — [illegible]
श्री मान स० भक्त बहादुर थापा ज्यू — भक्त बहादुर थापा
श्री मान स० माधव प्यारा श्रेष्ठ ज्यू — माधव
श्री मान स० श्री बहादुर सुब्बा ज्यू — श्री बहादुर सुब्बा

सु. उ.

आज २०२६ चैत्र १ गते दिनको २ बजे श्रीमान प्रधान पंच सूर्य प्रसाद उपाध्याय ज्यूको सभापतित्वमा बसेको बैठकले निम्न लिखीत निर्णय ~~म~~ पारीत गर्‍यो।

प्रस्ताव (१)

श्री कोशी अंचलाधीश कार्यालय विराटनगरको प० सं० ४।०२६।२७ मिति ०२६-११-२६ गतेको मनोनीत सदस्य बारेको पत्र प्राप्त भै आजको बैठकमा पेश भै छलफल हुँदा श्री भोजराज रवनाल र श्री कुश बहादुर तामाङ समेत थप दुई जना नियुक्त गरी अघि कायम रहेका मनोनीत सदस्य श्री श्री बहादुर सुब्बा र श्री भगवान थापा दुईजना मध्ये श्री श्री बहादुर सुब्बालाई कायम राखी सो समेत जम्मा तिन जना हुन आएको सम्बन्धमा विचार गर्दा उक्त पत्रमा उल्लेख भए बमोजिम नगर पंचायत ऐन २०१९ को दफा ७ को उपदफा ६ बमोजिम मनोनीत सदस्य हरुको संख्या सम्बन्धित नगर पंचायतका जम्मा निर्वाचित सदस्यको चार भागको एक भाग भन्दा बढी हुन सक्ने छैन भन्ने व्यवस्था भएको, धरान नगर पंचायतमा जम्मा निर्वाचित सदस्य संख्या ११ भएको, यसमा ३ जना कायम गर्दा एक चौथाइको कानुनी बन्देजको उल्लंघन

सु. उ.

५) हुने जाने संकेत गरे बार सार्वजनिक देखिएको श्री ५ को सरकार बाट दुईजना मात्र मनोनीत गर्ने गरी आएको संकेत हुँदा कानूनमा मेल नखाने गरी तीन जना मनोनीत सदस्य कायम हुनु गर्न दिनु मनासिब नहुने र यो कानूनी प्रश्न भएबाट श्री ५ को सरकार गृ०पं०मं० समक्ष जाहेर गरी पठाउने र निर्णय भै आए बमोजिम गर्ने गरी कोशी अंचलाधीश कार्यालय, जि०पं०का० तथा सम्बन्धित व्यक्तिहरूलाई संकेत सोही व्यहोरा अनुरोध गरी पठाउने भन्ने आजको सभा सर्वसम्मति बाट निर्णय गरिन्छ।

<u>प्रस्ताव नं० २.</u>

पिच सडक निर्माण गर्ने बारे छलफल गर्दा पर्न आएको टेण्डर पर्वतमान श्रेष्ठको जम्मा रु० २,६५,२४८।- दुईलाख पैंसट्ठी हजार दुईसय अड्चालीस रुपैयां र माधवराज जोशीको २,७४,४४८।- दुईलाख चौहत्तर हजार चारसय अड्चालीस रुपैयां समेत २ जनाको टेण्डर पर्न आएकोमा पर्वतमानको केही शर्तहरू सहितको टेण्डर दिएकोमा निजले लेखेको शर्तहरूमा नियमानुसार गर्ने गरी धाम नखटले अगाडी प्रकाशित गरेको सूचना बमोजिमको पूर्व शर्त मंजुर गरी कबोलियत गर्न मंजुर गरेमा श्री पर्वतमान श्रेष्ठको टेण्डर स्वीकृत गर्ने निर्णय गरियो।

५ ~~[illegible]~~ नियमानुसार

क) १, धाराको पानीले सडकको काममा बाधा दिए- न०पं० ले खर्च गरी सुधार दिने।

२, पुरानो सोलिंगको टुक्रा मध्ये ५० प्रतिशत ठेकेदारले उपयोग गर्न पाउने र बाँकी ५० प्रतिशत टुक्राको ठेकेदारले न०पं०लाई प्रचलित दरमा मोल दिनु पर्ने।

५

**प्रस्ताव-(३)**

नारायण प्रसाद आचार्यको निवेदनमा छलफल गर्दा ०२६-९-२० गतेको बोर्डले गरेको निर्णय बमोजिम नारायण प्रसादले बाटो दिएकोमा धन्यवाद दिंदै निज ले दिएको जग्गामा बार भएको हुँदा सो बार हटाई अर्को बार लगाउन क्षतिपूर्ती रु० ५००। पाँचसय दिने र बाटो ११ फुट कायम गर्ने निर्णय भयो।

**प्रस्ताव(४)**

खेलकूद मैदानमा परेको जग्गाको मुआब्जा दिने बारे गत: ०२६-९-२० गतेको बोर्डको निर्णय भएको भएतापनि - प्रचलित दर बमोजिमको मुआब्जा नभएकोले केही रकम - बढाई पाउँ भनी ~~[illegible]~~ लें० नं० ३६६१ मिति ०२६-१२-१ गते नकुलाले दिएको निवेदनमा छलफल गर्दा खेलकूद - मैदानमा परेको २ धुर कठ्ठा जग्गाको मोल रु० ३,०००। - तीन हजार मोलमा खरीद गरी रीआप्रेसन पास गर्ने निर्णय भयो।

~~**प्रस्ताव(५)**~~

~~घाट - ८ को बमबहादुर लिम्बुको घर देखी - पश्चीम तर्फको जेठा थोकको बाटो खोलने बारे छलफल गर्दा सो बाटोमा पर्ने नं० ८ वडा छत्रमान [illegible]को जग्गा बिगहा ०।।। दश धुर पर्ने भएकोले मीज ल्याई सो जग्गाको क्षतिपूर्ती - स्वरुप रु० १,५००। पन्ध्र सय दी रीआप्रेसन पास गर्ने निर्णय भयो।~~

**प्रस्ताव-५**

घाट - ८ को बमबहादुर लिम्बुको घर देखी पश्चीम तर्फ छत्रमानको ०।। डेढकठ्ठा जग्गा मध्ये बाट १० दश धुर जग्गा पश्चीमबाट खरीद गर्ने र सो जग्गा १० दश धुरको मुआब्जा बापत रु० १,५००। पन्ध्र सय रुपैयां दी रीआप्रेसन पास गर्ने र बाँकी १ कठ्ठा नीजले नै उपयोग गर्न पाउने गरी निर्णय भयो।

पुनः बाँकी विषयमा ०२८-१२-३ गते मंगलबार दिनको ३ बजे छलफल गर्ने गरी आजको बैठक रातिको ८।१५ बजे स्थगित गरियो।

०२८-१२-१ मा.

(२५)

सभा संख्या – ८ मिति – ०२६-१२-३-३

बैठक संख्या २ समय – ३ बजे

श्रीमान सदस्य ज्यूहरूको उपस्थिति।

श्रीमान प्रधान पंच सूर्य प्रसाद उपाध्याय ज्यू। [signature]
श्रीमान उप प्रधान पंच विष्णु कुमार [illegible] ज्यू। [signature]
श्रीमान स० गोविन्द कृष्ण श्रेष्ठ ज्यू। [signature]
श्रीमान स० धीरेन्द्र बहादुर थापा ज्यू। [signature]
श्रीमान स० गोविन्द [illegible] ज्यू। [signature]
श्रीमान स० ईश्वर प्रसाद आचार्य ज्यू। [signature]
श्रीमान स० भक्त बहादुर थापा ज्यू। [signature]
श्रीमान स० माधवप्यारा श्रेष्ठ ज्यू। [signature]
श्रीमान स० श्री बहादुर सुब्बा ज्यू। [signature]

आज २०२६ चैत्र ३ गते दिनको ३ बजे श्रीमान प्रधान पंच श्री सूर्य प्रसाद उपाध्याय ज्यू को सभापतित्वमा बसेको सभाले निम्न बमोजिम निर्णय गरियो। [signature]

प्रस्ताव – १

(क) धरानमा वैज्ञानिक ढंगको शुद्ध र प्रयाप्त खाने पानीको अभावबाट रहँदै आएकोमा बर्षौं देखि व्याप्त कठिनाई हटाउन धरानका जनताको निमित्त बृटिश जनताको उपहार स्वरूप धरान नगर पंचायतको अनुरोधमा बृटिश सहायता उपलब्ध भै कुल र कुल रु० १२८ लाख जतिको लागतमा प्रति दिन ६ लाख ग्यालन शुद्ध खानेपानी वितरण हुन सक्ने गरी खानेपानी योजना तयार गरी दिएकोमा ग्रेट ब्रिटेनका जनता र सरकार सहित नेपालका निमित्त बृटिश राजदूत ~~टी०जे०~~ महामहिम टी०जे० ओ' ब्रायन मार्फत धरान नगर पंचायत मण्डल र धरानका ५०००० जनताको तर्फबाट हार्दिक कृतज्ञतापूर्वक धन्यवाद ज्ञापन गर्दै, उक्त पानी योजनाको उद्घाटन गर्न महामहिम बृटिश राजदूत श्री टी० जे० ओ' ब्रायन धरानमै शुभागमनमा पाल्नु भै उद्घाटन गरी दिनु

५/ गएकोमा महाप्रियम राजपूत ज्यूलाई तथा उक्त योजनाको
निर्माण गरी तथा गोर्खामा स्थित बृटिश गोरखा
डिपोका अधिकारीहरु र खास गरी एरीया अफिसर तथा अन्य
कर्मचारीहरु लाई पनि हार्दिक धन्यवाद ज्ञापन गर्ने भनी आजको
सभा सर्व सम्मति बाट निर्णय गर्दछ।

(ख)

बृटिश सहायता अन्तर्गत निर्मित दरौंदी खानेपानी
योजना अन्तर्गत हेडवर्क्स तथा मैं उद्घाटन भै सकेको
छ तापनि नगरको बिस्तृत क्षेत्र भएर उक्त खानेपानी -
पुऱ्याउने पाइप लाइन लैजान आवश्यक पनि बाँकी नै रहेको
हुँदा खास एरीया, बाँझगाउँ, सिरिया र विजयपुर एरीया
तर्फ पनि पर्याप्त मात्राका पानी पुऱ्याउन सकिने
गरी आवश्यक पाइप लाइन जडान गर्न समेत थप सहायता
उपलब्ध गराइदिन समेत अनुरोध गर्ने भनी पनि सर्व
सम्मतिबाट आजको सभा निर्णय गर्दछ।

प्रस्ताव-२

वा० न० के वार्ड नं० १ सल्यान श्री गोविन्द
कुँवर क्षेत्री ज्यूले मिति ०२८-१२-१ मा, पा०नै बाटको
भवन जाँच समितिको मिति ०२५।३।१४ को निर्णय अनु-
सार मेरो नाउँमा २,०००/- दुईहजार रुपैयाँ पेश्की बाँकी
कोमा मिति ०२८-३-१८ मा द० नं० ५८६२।३६ को निवे-
दन साथ संलग्न रहेको बिल थान-१६ ( उक्त बिल
मा जम्मा रु० ३,७८६।२५ तिनहजार सातसय छियासी
रुपैयाँ र पच्चिस पैसा भएको हुँदा उक्त मध्ये लागेको
रु० २,०००/- दुईहजार फर्छ्यौट गरी नपुग रु० १,७८६।२५
फिर्ता पाउँ भनी दिएको निवेदनमा छलफल गर्दा वहाँको
नाउँमा ०२५।३।१४ को भवन जाँच समितिको निर्णय
अनुसार गएको पेश्की रु० २,०००/- फर्छ्यौट गरी
बाँकी रु० १,७८६।२५ एकहजार सातसय छियासी
रुपैयाँ पच्चिस पैसा वार्ड नं० १ सल्यान श्री गोविन्द
कुँवर क्षेत्री लाई भुक्तानी दिई रु० ३,७८६।२५ तिनहजार
सातसय छियासी रु० र पैसा पच्चिस खर्च लेख्ने निर्णय

प्रस्ताव-३

धनकुटा वडा नं ५ बस्ने तुलसी प्रसाद श्रेष्ठको श्री भागवत प्रसाद श्रेष्ठले मैले अदालत बाट फैसला गरी पाएको जग्गामा पर्खाल लगाउन नक्सा पास गरी पाउँ भन्ने निवेदन दिएकोमा यो नक्सा समितिले अदालतको फैसला नक्सा बमोजिम नमनी उमानाथको बिरोधी बाजुकको ऽ१४२ मिलाँदा बाजुकको ऽ१४ समेत जम्मा ऽ॥३ धुर धुरयाई व ऽ॥१ मिचिएको जग्गामा पर्खाल लगाउन इजाजत दिने भन्ने मिति ०२८-२-१२ को यो नक्सा समितिको बैठकले अदालतको नक्सा बमोजिमको फैसला भन्दा बढी शब्द राखी निर्णय गरेकोले चित्त नबुझी पुनरावेदन गरेकोमा उक्त निवेदन आजको बैठकमा पेश भै छलफल हुँदा अदालतको नक्सा र फैसला बमोजिमको जग्गामा पर्खाल लगाउन इजाजत दिने निर्णय भयो।

~~आजको बैठक~~

प्रस्ताव-४

धरान नगर पंचायत वडा नं २, ३, ५ ६ मा पिचरोड निर्माण हुन लागिरहेको हुँदा यसको निमित्त श्री ५ को सरकार बाट सहायता को निकासाको लागि रकम उपलब्ध गरी ल्याउन श्री ५ को सरकार संग सम्पर्क राख्न प्रतिनिधिस्वरूप सदस्य श्री [illegible] बहादुर [illegible] र श्री माधवलाल श्रेष्ठ ज्यूहरूलाई काठमाडौं पठाउने र नियमानुसार भ्रमण तथा दैनिक भत्ता दिने निर्णय भयो।

प्रस्ताव-५

श्रीमान प्रधान पंच सूर्य प्रसाद उपाध्याय ज्यू धरान इलेक्ट्रीक कम्पनीको संचालक समितिको बैठकमा भाग लिन काठमाडौं जानु हुने भो बाट यहाँ फर्की नआउन्जेल सम्म नेपाल बैंकमा रहेको नगर पंचायतको सेव खाताहरु उपप्रधानपंच श्री विष्णु कुमार हमाल तथा सदस्य श्री भक्त बहादुर थापा समेतको संयुक्त हस्ताक्षर बाट खाता संचालन गर्ने निर्णय भयो।

आजको बैठक राती ७॥ बजे समाप्त भयो।

सभा संख्या :- ९ (३२) मिती :- २०२८/१/२१/३
बैठक संख्या :- १ समय :- ४ बजे

उपस्थित सदस्य ज्यू हरुको उपस्थिति

१, श्री मान, का.मु. प्रधान पंच विष्णु कुमार श्माल ज्यू. [signature]
२, श्री मान सदस्य गोविन्द कृष्ण कार्के ज्यू [signature]
३, श्री मान " धिरेन्द्र बहादुर थापा ज्यू. [signature]
४ श्री मान " गोविन्द मोक्तान ज्यू [signature]
५, श्री मान " टीका प्रसाद आचार्य ज्यू [signature]
६, श्री मान " मन बहादुर थापा ज्यू. [signature]
७, श्री मान " माधव प्रसाद ग्यवे ज्यू. [signature]
८, श्री मान ~~राजपक्ष~~ सूर्य प्रसाद उपाध्याय ज्यू – अनु०

आज २०२८ साल वैशाख २१ गते मंगल बार दिन ४ बजे श्री मान का.मु. प्रधान पंच विष्णु कुमार श्माल ज्यू को अध्यक्षता बसेको सभाले निम्न लिखित बमोजिम निर्णय भयो।

राष्ट्र नायक श्री ५ महाराजाधिराज सरकार बाट असीम निगाह साथ यस धरान नगरपंचायतका प्रधान पंच श्री सूर्य प्रसाद उपाध्याय लाई २०२८/१/१ गते देशको सर्वोच्च विधायिका (राष्ट्रीय पंचायत) को सदस्य पदमा मनोनित गरी बक्सेकोमा मौसूफ सरकार प्रति भक्ती पूर्वक हार्दिक कृतज्ञता ज्ञापन गर्दै माननिय सदस्य ज्यू लाई हार्दिक बधाई तथा शुभ कामना ज्ञापन आजको बोर्ड बैठक गर्दछ।

कौ. अ. कार्यालयको प.सं. ५ च.नं ५३७७ मिती २०२८/१/२/४ गतेको पत्र १, कौ अ. कार्यालयको प.सं. ५ च.नं. ६०९६ मीती ०२८/१/१८ गतेको पत्र समेत ~~[illegible]~~ मा छलफल गर्दा ग.पं.मं.को ०२८/१/१८ गतेको आदेश॥ जसरी नयाँ मनोनित सदस्य हरुलाई अर्को सूचना नआए सम्म नगर पंचायतको बैठकमा भाग लीन नदीनु भन्ने मात्र उल्लेख भएकोले प्रान्ते मनोनित सदस्य ज्यू बाट समेत, बढा हरुलाई सूचना दी सकेकोमा छलफल गर्दा आजको बोर्ड बैठक सूचना दीने काम लाई [illegible]

गर्दै पुरानो मनोनीत सदस्यहरू हरूलाई कोई बैठकमा निर्णय मै नआए सम्म उपस्थित नगराउने निर्णय गर्दछ।

बाकी विषय छलफल भोली ०२८।९।२२ गते बिहान ८ बजे पुनः छलफल गर्ने गरी स्थगित गरियो।

सभा संख्या :- १ (३४) मिती २०२८।१।२२
बैठक संख्या :- २ समय :- बिहान ८ बजे

श्रीमान सदस्य ज्यू हरुको उपस्थिति

श्रीमान का.मु. प्रधान पंच ज्यू विष्णुकुमार कमाल [signature]
श्रीमानानिय रा.प.स. सूर्य प्रसाद उपाध्याय ज्यू X
श्रीमान सदस्य गोविन्द कृष्ण ज्यू [signature]
श्रीमान " धिरेन्द्र बहादुर थापा ज्यू [signature]
श्रीमान " गोविन्द मोक्तान ज्यू [signature]
श्रीमान " शंकर प्रसाद आचार्य ज्यू [signature]
श्रीमान " भक्त बहादुर थापा ज्यू [signature]
श्रीमान " माधव प्यारा ज्यू [signature]

आज २०२८ साल वैशाख २२ गते बिहान ८ बजे श्रीमान का.मु. प्रधान पंच विष्णु कुमार कमाल ज्यू को अध्यक्षतामा होने वाली देहको विषय मा ~~के~~ छलफल गरी निम्न लिखीत निर्णय भयो।

१, २०२८।२८ को अनुमानित बजेट आज सम्म पेश हुन नसकेको मा आजको बैठक गहिरो खेद प्रकट गर्दछ।

२, २०२८।२९ को निम्ती निम्न लिखीत सदस्य ज्यू हरुको एक बजेट समिति गठन गरी ०२८।२८ को आय व्यय समितीले पेश गर्ने निर्णय भयो।

श्रीमान का.मु. प्रधान पंच विष्णुकुमार कमाल ज्यू. अध्यक्ष
~~श्री मानानिय रा.पं.स. सूर्य प्रसाद उपाध्याय ज्यू.~~ ~~सदस्य~~
श्रीमान सदस्य गोविन्द मोक्तान ज्यू "
श्रीमान " भक्त बहादुर थापा ज्यू "
श्रीमान " धिरेन्द्र बहादुर थापा "
श्रीमान प्र.अ. गोपाल बहादुर गेट "

३, मित्र राष्ट्र बृटीश सरकार द्वारा धरान नगर वासी हरुको लागी नया खाने पानी योजना तयार गरी हस्तान्तरित गरी सकेकोले फिल्टर हाउसको लागी तालीम प्राप्त अपरेटर राख्दा सरकको

(३५)

पद २जना र हेल्पर वहादार साहेको २जना र पानी ट्वी सुरक्षाको लागी चौकीदार पिउन साहेको १ एक जना नियुक्ती गर्नु पर्ने मा तालीम प्राप्त अपरेटर दीप वहादुर कार्की १ राम वहादुर ठकुरी १ समेत २जना लाई २०२८।१२।१ गते देखी तलव खाने गरी नियुक्ती गरेको समर्थन गर्ने र हेल्पर र चौकीदार लाई पछी नियुक्ती गर्ने निर्णय भयो।

३, २०२८।१।२० प.सं. ६६।०२८ को श्री महेन्द्र कलेज धरानका प्री. श्री लोकेन्द्र प्रसाद आचार्य ज्यूको श्रीमान शिक्षा कृष्टका अध्यक्ष (प्र.जे. ध० तव्यं०) को नाममा आएको प्राप्त पत्र वोर्ड वैठक मा पेश भै छल फल गर्दा अगाडी वै सोध भर्ना गर्ने भनि पटक पटक गरी लीएको रुपैया ११,०००। एघार हजार फिर्ता नै नआएको र हाल फेरी रु 20,000। वीस हजार रुपैया सापटी मागीएको मा यत्रो ठुलो रकम पहिले सापटी गएको रुपैया फिर्ता नभएको र फेरी नया रुपैया सापटी दीदा नगरपंचायत कै विभिन्न विकाश कार्यमा समेत वाधा अड्चन पर्न जाने भएको ले भएको व्यहोराको जानकारी श्री महेन्द्र कलेजका प्रिन्सीपल ज्यू लाई र श्रीमान कोशी अंचलाधिश ज्यू समेत लाई पनि भएको व्यहोरा — अनुरोध गर्ने।

४, धरान नगर पंचायतका रिक्त स्थानको चुनाव (मतदाता सूची तयार भएको जानकारी दीदा दीदै) चुनाव आयोगले आज सम्म रिक्त स्थानको चुनाव नगरी दीएको मा ध.न.पं. वोर्ड वैठक गहीरो दुख प्रकट गर्दै यथा शिघ्र चुनाव कार्य सम्पन्न गराई दिन निर्वाचन आयोग लाई अनुरोध गरी पठाउने र एस्को जानकारी सम्वन्धित कार्यालय हरुमा पनि दिने निर्णय भयो।

वाकी विषयमा २०२८ साल वैशाख २५ गते सनीवार १० वजे पुन: छलफल गर्ने गरी स्थगित गरीयो।

[signatures]

सभा संख्या :- ८ (३६) मिति :- २०२८/१/२५
बैठक संख्या :- ३ समय :- १० बजे दिनको

श्रीमान सदस्य ज्यू हरुको उपस्थिति

श्रीमान का.मु. प्रधान पंच विष्णु कुमार कमल ज्यू
श्री माननिय रा.प.स. सूर्य प्रसाद उपाध्याय ज्यू
श्री मान, सदस्य गोविन्द कृष्ण गोखे ज्यू
श्री मान, ,, धिरेन्द्र बहादुर थापा ज्यू
श्री मान ,, गोविन्द मोक्तान ज्यू
श्री मान ,, शंकर प्रसाद ~~उपाध्याय~~ आचार्य ज्यू
श्री मान ,, भक्त बहादुर थापा ज्यू –
श्री मान ,, माधव प्यारा श्रेष्ठ ज्यू –

आज २०२८ साल वैशाख २५ गते शनीवार दीनका १० बजे श्री मान का.मु. प्रधान पंच विष्णु कुमार कमल ज्यू को अध्यक्षता बाकी रहेको विषयमा छल फल गरी निम्न लिखीत बमोजीम निर्णय भयो।

१, वार्ड नं १ देवी वार्ड नं ४ अन्चल अदालत जाने बाटो बो छलफल गर्दा उक्त बाटो बो दरसाबीक देवी सर्व साधारणको आवगमन भै रहेकोमा मिति ०२७/१२/१ के बाटो गल्ली समीती ले नामाकरण समेत भै सकेको बार हाल उक्त बाटो दखीन तर्फ बाटो मदन अमात्य (अ. गोपाल प्रसाद कायस्थ) ले छाप्रा तथा पर्खाल बीना इजाजतले लगाएको र उक्त बाटो वार्ड नं १ वाले पूर्ण प्रसाद आचार्य र चन्द्र प्रसाद आचार्यले बाटो मीची छाप्रा पाली तथा काठको बार बीना इजाजत बार लगाएको देखीए बार उक्त बाटो साबीक बमोजीम ने ८ फुट कायम गर्ने र प्रचलीत कानुन बमोजीम गर्न र हुने त्यस्ता छत ८ को इजाजत बेगर बाटो मीची बार, पर्खाल, छाप्रा बनाएको गैर कानूनी हुनाले सफाई कारबाई हटाउन लगाउने अटैमा स्थानिय प्रहरीको सहयोग लीएर ८ फुट बीता खोली न.पं. ऐन नियम बमोजीम कारबाही गर्ने।

(३९)

१७

२, वार्ड नं ४ को लक्ष्मी देवी प्रधानको घर देखी दवानेतको बाटो बाटो हाल फल कुरो नगेर लक्ष्मी देवी प्रधान र विष्णु प्रसाद मास्के समेतले बाटो ~~मीचे~~ मीचेको कुरा मिती ०२४।१२।१८ मा बाटो गल्ली समीतीले निर्णय गरे बमोजीम १८ फुट बाटो कायम गर्न नीजहरुले लगाएको बार सम्झाई बुझाई हटाउन लगाउने अरुले गरेका घरहरुको सहयोग ली बार हटाई १८ फुट बाटो कायम गर्ने निर्णय भयो।

३, बाटो गल्ली सम्बन्धमा विभिन्न वार्ड वडका जनताहरुको निवेदन परेकोले र हाल नापी समेत पनि भै सकेकोले प्रचलीत कानुन बमोजीम नगरपंचले पाउने अधिकार प्रयोग गर्न ल्याउन पाउने गरी निम्न लीखीत सदस्य ज्यू हरुको एक बाटो, गल्ली समिति गठन गरियो।

श्री मान सदस्य गोविन्द कृष्ण श्रेष्ठ — अध्यक्ष
श्री मान " शेखर प्रसाद आचार्य — सदस्य
श्रीमान " धिरेन्द्र बहादुर थापा — "
श्री मान " गोविन्द मोक्तान — "
श्री मान " गोपाल बहादुर कार्की — "

४, खाने पानी योजनाको लागी पानी कर्मचारीहरु लाई नियन्त्रण गर्न ०२८।४।१ देखी मुखीया सरहको तलब खाने गरी एक जना कर्मचारी अस्थाई नियुक्ती गर्न निर्णय भयो।

५, श्री मु. प्रधान पंच तथा अध्यक्ष शिक्षा ट्रष्ट धरानका श्रीमान विष्णु कुमार हमाल ज्यू बाट महेन्द्र कलेज धरान विषयमा ०२८/४।२४ को पत्र आजको बोर्ड बैठकमा पेश गर्नु भएको प्रतिवेदन मा हाल शिक्षा ट्रष्ट धरान बाट उठेको आम्दानी बाटै पहीलो धनतप्पै सोधलीएको सापट सोध भर्ना हुने गरी अहिले लाई ध.न.पं. धौरी फण्ड बाट रु ५,००० पाचहजार सापटको रुपमा महेन्द्र कलेज लाई दिने निर्णय भयो।

आजको बोर्ड बैठक ४।३० बजे समाप्त भयो।

सभा संख्या १० मीती २०२८।२।२५।३
बैठक संख्या : ५ (३८) समय:- दीनको ४ बजे

श्री मान सदस्यहरु हरुको उपस्थीति

१, श्री मान का.वा. प्रधान पंच ज्यू [signature]
२, श्री माननिय सूर्य प्रसाद उपाध्याय ज्यू सूचना
~~३, श्री मान, गोविन्द प्रसाद उपाध्याय~~
३, श्री मान, गोविन्द कुमार राजेस ज्यू [signature]
४, श्री मान, धिरेन्द्र बहादुर थापा ज्यू [signature]
५, श्री " गोविन्द मेरुलान ज्यू [signature]
६, श्री " शंकर प्रसाद आचार्य ज्यू
७, श्री " भक्त बहादुर थापा ज्यू [signature]
८, श्री " माधव प्यारा श्रेष्ठ ज्यू [signature]

आज २०२८ साल जेष्ठ २५ गते मंगलबार दिनको ४ बजे श्री मान कार्यवाहक प्रधान पंच विष्णु कुमार क्षमाल ज्यू को सभापतित्वमा बसेको सभाले निम्न लिखीत बमोजीम निर्णय भयो।

१, माननिय रा.प.स. श्री सूर्य प्रसाद उपाध्यज्यू ले धरान नगरपंचायतको प्रधान पंच पद बाट राजी नामा दीनु भएको मा. जि. पंचायत कार्यालय सुनसरी को च.नं ४०२१ मिती २०२८।२।१२ गते को पत्रानुसार राजीनामा स्वीकृत भै आएकोले आज सम्म प्रधान पंच भै काम गर्नु भएको मा वाहा लाई हार्दीक धन्यवाद ज्ञापन गर्दछ।

२, श्री ५ महाराजाधिराज सरकारको ५२ वौं शुभ जन्मोत्सव मनाउन पछी फाटवारी पेश गर्ने गरी रु ३,०००। तीन हजार रुपैयामा नबढाउने गरी खर्च को निकाशा दीने निर्णय भयो।

३, पीच सडक निर्माणको लागी राखेको धरौटी फिर्ता पाउ भन्ने छै० पर्वत मान राजेको मिती०२८।१।२०
गते को निवेदनमा दल फल गर्दा मीती ०२८।१।२४

(३९)

गते को बोर्डको निर्णय अनुसार वर्कीङ्ग अर्डर दीन लाई ०२८ साल चैत्र महिना देखी नै अग्रीम वर्षा सुरु भएकोले वर्कीङ्ग अर्डर दीन नसकेको हुदा वर्षा याम समाप्त हुना साथ बहाल दीने भएको टेण्डर बमोजीमको वर्कीङ्ग अर्डर दी काम लगाउने र नपुग २½ प्रतिशत समेत थप लीने र हाल रहेको धरौटी रकम फिर्ता ~~दीने नमीलने हुदा सो ही कुराको ठेकदार लाई दीनी~~ नमागन ठे. सीग अनुरोध गर्ने निर्णय भयो।

आज रातको ८।३० बजे सभा समाप्त भयो

[signatures]

सभा संख्या-११ मिति-०२८।३।२
बैठक " -१ (४०) समय-बेलुकी

श्री मान सदस्य ज्यु हरूको उपस्थिती

श्री मान का. वा. प्र. पं. विष्णु कुमार हमाल ज्यु- विष्णु कुमार
श्री मान सदस्य - गोविन्द कृष्ण श्रेष्ठ ज्यु- गोविन्द कृष्ण
श्री मान " धीरेन्द्र बहादुर थापा ज्यु- धीरेन्द्र ...
श्री मान " गोविन्द मोक्तान ज्यु- गोविन्द
श्री मान " शंकर प्रसाद आचार्य ज्यु- शंकर ...
श्री मान " भक्त बहादुर थापा ज्यु भक्त बहादुर
श्री मान " माधव प्याकुरेल श्रेष्ठ ज्यु- माधवप्याकुरेल
श्री मानतिय गा.पं.प. बुद्ध प्रसाद उपाध्याय ज्यु- विदा

आज २०२८ साल आषाढ २ गते बुधवार बेलुकी बजे श्री मान का. वा. प्रधान पंच विष्णु कुमार हमाल ज्यु को सभापतीत्वमा बसेको ध. न. पं. को बैठकले निम्न बमोजिम अनुसार निर्णय गर्दछ।

① सर्दु खोलामा रहेको ६" को मेन पाईप बर्षातको बाढीले गर्दा पिलर भत्काई पाईप समेत बगाईलगेकोले धरान बजारमा पानीको अभाव भै रहेकोले उक्त पाईप लाईन पुन: जडान गर्न अन्दाजी रु. १०००-एक हजार खर्च गरी बनाउने र विभिन्न वार्डमा रहेको पुल हरूको जग खहरे खोलाको बाढीले भत्कीन लागेको भन्ने ओभरसियरको मिती ०२८।१।३१।२८ को रिपोर्ट अनुसार सबै पुलहरूको लागी रु. ३०००-तिन हजारमा नबढाई लगत स्टमेट बनाई वार्ड सदस्यज्युको रोहबरमा रही अमानतबाट नै मर्मत गराउने निर्णय भयो।

② का० वा० प्र० पं० श्री विष्णु कुमार हमाल ज्यु ध० ई० कं० को बैठकमा भाग लिन काठमाडौं जानु हुने भएकोले इलेक्ट्रीक कम्पनीको बैठक पछि ध० न० पं० लाई श्री ५ को सरकारबाट दिने आ. स. ~~निकासा गरिने~~ ~~श्री~~ निकासा हुन बाँकी रकम निकासा गराउने र

(४९)

अन्य काम समेत गर्ने आउने पछी फाँटवारी पेश गर्ने गरी रू. ८००- आजसय पेश्की स्वरूप दिई काठमाण्डौ पठाउने र उहाँको अनुपस्थीती काल सम्मको लागी ध. न. पं. को दैनिक कार्य सन्चालन गर्न श्री मान् स० माधव प्यारा श्रेष्ठ ज्यु ले गर्ने निर्णय भयो। साथै इलेक्ट्रीक कं.को बैठकमा भाग लिन काठमाण्डौ आँउने जाने र इ. कं. को बैठकमा रहुन्जाल सम्मको दैनिक भत्ता न. पं. बाट नदिने निर्णय भयो।

श्री महेन्द्र कालेज धरानलाई श्री मान का. वा. प्र.पं. ज्यु ले दिनु भएको धरौटी फण्डका रू. २०००/- दुईहजार पछी सोध भर्ना गर्ने गरी गएकोमा आजको बैठकले अनुमोदन गर्दछ। माँग गरेको लकडी ध. न. पं. लाई नै आवश्यक भएको हुदा दिन असमर्थ भएको कुरा जानकारी दिने।

बाँकी विषय आगामी बैठकमा पेश गर्ने गरी आजको बैठक बेलुकी ६ बजे स्थगीत गरीयो।

[signatures]

निर्णय संख्या – १२ (82) मिती – ०२८।३।३०
बैठक संख्या – १ समय – बेलुकी ५ बजे

श्री मान सदस्य ज्यु हरूको उपस्थिति

श्री मान का० वा० प्र० पं० विष्णु कुमार हमाल ज्यु – [signature]
श्री मान सदस्य – गोविन्द कृष्ण श्रेष्ठ ज्यु – [signature]
श्री मान " धीरेन्द्र बहादुर थापा ज्यु – [signature]
श्री मान " गोविन्द मोक्तान ज्यु – [signature]
श्री मान " श्रीकृष्ण प्रसाद आचार्य ज्यु – [signature]
श्री मान " भक्त बहादुर थापा ज्यु – अनुपस्थित
श्री मान " माधव प्यारी श्रेष्ठ ज्यु – [signature]
श्री मानिय ए० पं० स० पूर्ण प्रसाद आध्याय ज्यु – विदा

आज ०२८ साल आषाढ ३०गते बुधवार बेलुकी ५ बजे श्री मान का० वा० प्रधान पंच श्री विष्णु कुमार हमाल ज्यु को सभापतीत्वमा बसेको ध०न०पं० को बैठकले निम्नलिखित निर्णय गर्दछ।

आर्थिक वर्ष ०२८।०२९ सालको बजेट समयमा पेश हुन नसकेकोमा यो बैठक दुःख प्रकट गर्दै ०२७/२८ को सरह नै आम्दानी जति बैंकमा दैनिक धरौट राख्ने र खर्च तर्फ नयाँ ०२८।०२९ को बजेट स्वीकृत बोर्ड द्वारा नहुन्जेल कुनै प्रकारको खर्च नगर्ने र आम्दानी तर्फको पनि धरौट राखेको पछि स्वीकृत भएको आर्थिक वर्ष ०२८।०२९ को बजेट सरह नै गर्ने निर्णय भयो ०२८।०२९ को बजेट नियम मुताविक ७ सात दिन भित्रमा बोर्ड बैठकमा प्र० पं० ज्यु ले पेश गर्ने निर्णय भयो र उपरोक्त नियमहरू ०२८ श्रावण १ गते देखि लागु गरिने छ।

~~बाँकि विषयहरू आगामी बोर्ड बैठकमा पेश गर्ने~~
~~भनि आजको~~

वार्ड नं. ६ को का० पं० को निजी घरको किरायाको म्याद समाप्त भै नयाँ डाक बढावढ गर्ने गरेको सम्बन्धमा र वार्ड नं. १/४ को बारे विषय र बाँकी विषयमा आगामी बोर्ड बैठकमा पेश गर्ने गरी आजको बैठक

[signatures]

(४३)

राती १० बजे स्थगीत गरीयो।

[signatures]